नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ -११
चलानी नं. : ५६३

मिति : २०७५/०३/३२

CDS and Clearing Ltd.

श्री सम्पूर्ण राफसाफ सदस्यहरु,

**विषय : पूँजीगत लाभकर सम्बन्धमा ।**

महाशय,

आन्तरिक राजश्व बिभाग निति विश्लेषण शाखाको मिति २०७५/०३/३२ गतेको पत्र अनुसार नेपाल सरकारबाट मिति २०७५/०२/१५ मा जारी भएको सूचित आदेशले आयकर ऐन, २०५८ को दफा (९५क) को उपदफा (२) को खण्ड (क) मा भएको संसोधन अनुसार "प्रचलित कानून बमोजिम दर्ता भई धितोपत्रको खरिद बिक्रिको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायमा रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :-

(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको सात दशमलव पाँच प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले" भन्ने व्यवस्था भएकोले मिति २०७५/०४/०१ गते देखिको कारोबारमा सो अनुसार अग्रिम कर कट्टी गर्ने गराउने व्यवस्था कार्यान्वयन गर्न निर्देश भएअनुसार सोही बमोजिम पूँजीगत लाभकर कट्टी गरिने व्यहोरा सम्पूर्ण राफसाफ सदस्य तथा सरोकारवालाहरुमा यसै पत्र मार्फत् जानकारी गराईन्छ ।

**बोधार्थ :**

१. आन्तरिक राजस्व विभाग (निति विश्लेषण शाखा)
लाजिम्पाट, काठमाडौं ।

२. नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

३. नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं

....................

(देव प्रकाश गुप्ता)
प्रमुख कार्यकारी अधिकृत

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150/4260386/4260783, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com